प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
# परीक्षा नियन्त्रण कार्यालय
सानोठिमी, भक्तपुरको

**शैक्षिक शत्र २०७५/०७६ मा डिप्लोमा तथा प्रमाणपत्र तहको वर्गिकृत (नि:शुल्क) छात्रवृत्तिमा मूख्य परीक्षार्थी (Main Candidate) भर्ना हुन नगई रिक्त रहन आएको सिटमा उत्तीर्ण सूचीमा रहेका परीक्षार्थीहरुमध्येबाट फार्मेसी, नर्सिङ्ग र सामान्य चिकित्सा कार्यकमहरुमा भर्नाका लागि योग्यताक्रमानुसार सिफारिश गरिएको र सो बाहेक अन्य कार्यकमहरुका लागि रिक्त रहेको सम्वन्धित शिक्षण संस्थामा भर्नाका लागि निवेदन दिने सम्वन्धी अत्यन्त जरुरी सूचना**

(सूचना प्रकाशित मिति २०७५।०८।२८)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् परीक्षा नियन्त्रण कार्यालयबाट मिति २०७५।०४।१२ गते र मिति २०७५।०५।१३ गते संचालन भएको डिप्लोमा/प्रमाणपत्र तहका बर्गिकृत(निशुल्क) छात्रवृत्तिको प्रवेश परीक्षामा सम्मिलित भई बिभिन्न कार्यकमहरुमा छनौट भई उत्तीर्ण सूचीमा रहेका परिक्षार्थीहरुबाट **फार्मेसी, नर्सिङ्ग र सामान्य चिकित्सा** कार्यकमहरुमा अध्ययन गर्न यस कार्यालयमा मिति २०७५।०८।०९ गतेसम्म रितपुर्वक निवेदन दिएका परिक्षार्थीहरुको योग्यताक्रमानुसार मिति २०७५।०८।२७ गतेको निर्णयानुसार सम्वन्धित शिक्षण संस्थाहरुमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र भर्नाका लागि सिफारिश गरिएको व्यहोरा परिक्षार्थी, शिक्षण संस्था तथा सरोकारवालाहरुमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

परिषद् अन्तर्गत आंगिक, साझेदारी, TECS र निजी स्तरमा संचालित शिक्षण संस्थाहरुमा **फार्मेसी, नर्सिङ्ग र सामान्य चिकित्सा** कार्यकम बाहेकका अन्य कार्यकमहरुको हकमा शैक्षिक शत्र २०७५/०७६ को बर्गिकृत (नि:शुल्क) छात्रवृत्तिको प्रवेश परीक्षा दिई उत्तीर्ण सूचीमा रहेका परीक्षार्थीहरु मध्येबाट पहिलो प्राथमिकता सोही बर्गको, सो बर्गको निवेदन पर्न नआएमा सोही कार्यकमको अन्य बर्गको मध्येबाट र सो नभएमा सोही प्रदेशको अन्य कार्यकमहरुबाट र सो पनि नभएमा अन्य प्रदेशको प्रवेश परीक्षाको उत्तीर्ण सूचीमा रहेका परीक्षार्थीहरुबाट सम्वन्धित शिक्षण संस्थाहरुमा परिक्षार्थीहरुले निवेदन दिई योग्यताकमको आधारमा सम्वन्धित शिक्षण संस्थाको प्राचार्यले भर्ना सम्वन्धी निर्देशिकाको बुंदा नम्बर ११ मा भएको प्रावधान अनुरुप रुजु गर्ने जिम्मेवारी सम्वन्धित शिक्षण संस्थाको प्राचार्यको हुने हुंदा रुजु गरी तोकिएको म्याद भित्र परीक्षार्थीबाट कुनै पनि शुल्क नलिई भर्ना गराउनु हुन यसै सूचनाद्वारा सूचित गरिन्छ ।

परीक्षा नियन्त्रण कार्यालयको वेभसाइट www.ctevt.org.np मा मिति २०७५।०८।२८ गते प्रकाशित रिक्त विवरण अनुसार भर्ना सम्वन्धी निर्देशिका, २०७४ (संशोधन सहित)मा उल्लेख भए बमोजिमका आवश्यक सक्कल कागजातहरु (शैक्षिक प्रमाणपत्रहरु र प्रवेश परीक्षाको प्रवेशपत्रको सक्कल प्रति) भएका परिक्षार्थीहरुलाई ७ दिन भित्र निवेदन संकलन गरी योग्यताकमानुसार भर्ना गर्नु गराउनु हुन परीक्षा समितिको मिति २०७५।०८।२१ गतेको निर्णयानुसार अनुरोध छ । मिति २०७५।०४।१२ गते र मिति २०७५।०५।१३ गते संचालन भएको डिप्लोमा/प्रमाणपत्र तहका बर्गिकृत(निशुल्क) छात्रवृत्तिको प्रवेश परीक्षामा उत्तीर्ण सूचीमा रहेका परिक्षार्थीहरुको विवरण परिषद्को वेभसाइटमा राखिएको हुंदा उक्त नतिजा विवरण अनुसार उत्तीर्ण सूचीमा रहे नरहेको सम्वन्धित शिक्षण संस्थाको प्राचार्यले रुजु गर्नुहुन अनुरोध छ । शिक्षण संस्थाहरुमा रिक्त रहेको बर्ग तथा कोटाहरुको विवरण, निवेदनको ढांचा परिषद्को वेवसाइट www.ctevt.org.np मा प्रकाशित गरिएको छ ।

**परिक्षार्थीले पेश गर्नुपर्ने कागजातहरु :**

१. निवेदन
२. प्रवेश पत्रको प्रतिलिपी
३. वेभसाइटमा राखिएको बर्गिकृत(निशुल्क) छात्रवृत्तिको नतिजाको विवरण
४. शैक्षिक योग्यताको प्रमाणपत्र, लब्धांक पत्र प्रतिलिपी
५. नागरिकता/जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी
६. निर्देशिका बमोजिम अन्य कागजातहरु

परिषद् अन्तर्गतका आंगिक, साझेदारी, सामुदायिक बिद्यालयमा प्राविधिक शिक्षा (TECS) कार्यकम र निजी स्तरमा संचालित शिक्षण संस्थाहरुले उल्लेखित म्यादभित्र परिक्षार्थीहरु भर्ना विवरण परिषद्, प.नि.का.लाई अनिवार्य रुपमा ३ दिन भित्र (इमेल oce.ctevt@gmail.com) मा पत्र स्क्यान गरी लिखित जानकारी गराउनु हुन यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तोकिएको मिति भित्र सम्वन्धित शिक्षण संस्थाले छात्रवृत्ति सम्वन्धी विवरणको जानकारी पेश नगरेमा भर्ना सम्वन्धी निर्देशिका २०७४ (संशोधन सहित)को बुंदा नं ७.१.५ र ७.१.६ बमोजिम छात्रवृत्ति व्यवस्थापनमा असहयोग गर्ने शिक्षण संस्थाको आगामी शैक्षिक सत्रमा सो कार्यक्रमको स्वीकृत कोटा भित्र रहने गरी वर्गिकृत नि:शुल्क छात्रवृत्तिमा १ सिट थप गरिनेछ र वर्गिकृत (नि:शुल्क) छात्रवृत्तिमा सिफारिश गरिएका परीक्षार्थी बाहेक अन्य परीक्षार्थीहरुलाई छात्रवृत्तिमा भर्ना गर्न पाइने छैन यदि कुनै शिक्षण संस्थाले सो विपरीत भर्ना गरेको पाइएमा उक्त विद्यार्थीको रजिष्ट्रेशन खारेज भई उक्त शिक्षण संस्थाको आगामी शैक्षिक सत्रमा सो कार्यक्रमको स्वीकृत कोटा भित्र रहने गरी वर्गिकृत नि:शुल्क छात्रवृत्तिमा १ सिट थप गरिने व्यहोरा समेत जानकारी गराइन्छ ।

नोट : यो सूचना CTEVT को वेभसाइट www.ctevt.org.np मा पनि हेर्न सकिनेछ ।

**परीक्षा नियन्त्रक**